बिदेशी नागरिकहरुका लागि जीवनयापनको जानकारी तथा परामर्श सेवा

★ओसाका प्रिफेक्चरमा बसोबास गर्ने बिदेशी नागरिकका लागि जानकारी कक्ष

“ओसाका प्रिफेक्चरमा बसोबास गर्ने बिदेशी नागरिकका लागि जानकारी कक्ष”मा बिदेशी नागरिकहरुले ढुक्क संग जीवनयापन गर्न सक्ने उद्देश्यले बहुभाषिक (जापानी भाषा सहित ११ वटा भाषाहरुमा) जीवनयापन सम्बन्धी बिभिन्न जानकारीहरु प्रदान गरिनुका साथै परामर्श सेवा पनि उपलब्ध गरिन्छ । परामर्शका लागि प्रत्यक्ष आई वा फोन, ईमेल, फयाक्स मार्फत सम्पर्क गर्न सक्नुहुन्छ । हरेक महिनाको चौथो आईतबार बसोबास अनुमति तथा कानुनी प्रक्रिया सम्बन्धी परामर्शका लागि आबेदन लिइरहेका छौं । (अध्यागमनका बिज्ञ तथा अधिवक्ताहरुबाट परामर्श, साधारणतया बुकिङ्ग प्रणाली)

कृपया ढुक्क संग यो सेवा लिई लाभान्वित हुनुहोस । निशुल्क परामर्श , गोपनीयताको पालना हुनेछ ।

| | |
|---|---|
| भाषा | अंग्रेजी, चिनियाँ, कोरीयाली उत्तर कोरीयाली, पोर्चुगाली, स्पेनी, भियतनामी, फिलिपिनो, थाई, इण्डोनेशियाली, नेपाली, जापानी, |
| मिति तथा समय | सोमबार, शुक्रबार ९ बजे देखि २० बजे सम्म (पर्व बिदाहरुमा बाहेक)<br>मंगलबार, बुधबार, बिहिबार (९ बजे देखि १७:३० बजे सम्म (पर्व बिदाहरुमा बाहेक)<br>दोश्रो र चौथो आईतबार १३ बजे देखि १७ बजे सम्म |
| परामर्शका बिषयहरु | बसोबास अनुमति, श्रम, काम, चिकित्सा, जनकल्याण, शिक्षा लगायत जीवनयापनका कुराहरु |
| बिशेषज्ञसगंको परामर्श | चौथो आईतबार १३:३०बजे देखि १६:३० बजे सम्म (साधारणतया बुकिङ्ग प्रणाली)<br>अध्यागमन बिज्ञ तथा कानुबिद संगको परामर्श (पालैपालो) |
| स्थान | ओसाका सी च्यूओ कु, होन्माची बासी, २-५ माईदोमु ओसाका ५औं तल्ला<br>ओसाका फु कोकुसाई को्यू जाईदान परिशर |
| परामर्शका लागि फोन नम्बर | ०६-६९४१-२२९७ |
| फयाक्स | ०६-६९६६-२४०१ जापानी र अंग्रेजी भाषामा मात्र |
| ईमेल | Jouhou-c@ofix.or.jp जापानी र अंग्रेजी भाषामा मात्र |